# टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण, भोजपुर

## प्राकृतिक स्रोत (वनजन्य स्रोत) ओसार पसार तथा विक्री गर्ने व्यवसायीहरुबाट व्यवसाय कर संकलन गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको ७ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०८३/०४/०६**

यस गाउँपालिका क्षेत्रका निजी जग्गा जमिनहरुबाट आ. व. २०८३/०८४ मा पाकृतिक स्रोत (वनजन्य स्रोत) सकंलन गरी ओसार पसार तथा विक्री वितरण गर्ने व्यवसायीहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही न्यूनतम रकम (भ्याट समेत) रु १०,५०,०००।०० अक्षरेपी दश लाख पचास हजार बाट बढाबढको आधारमा व्यवसाय कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संस्था, कम्पनी वा फर्महरुलाई दरभाउपत्र पेश गर्न जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल**

**शर्तहरुः-**

१. सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र फिर्ता नहुने गरी तोकिएको फारम दस्तुर रु. १,००० (एक हजार) बुझाइ निवेदन दिई दरभाउपत्र फाराम टेम्केमैयुङ गाउँपालिकाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । ८ औ दिनको १२:०० बजे भित्र आफूले कवोल गरेको कुल ठेक्का रकमको **३ प्रतिशतले** हुन आउने रकम यस कार्यालयको माछापुच्छ्रे वैकमा रहेको धरौटी खाता नं. ०८८००६७५७५५०००६२ मा दाखिला गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रवैंकवाट मान्यता प्राप्त (क) श्रेणीको वैकवाट ७५ दिनको म्याद भएको विडवण्ड राखी दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

२. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउपत्रमा केरमेट भएमा केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ । दाखिला भएको दरभाउपत्र ८ औ दिनको २:०० बजे टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाखिला कर्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. फाराम साथ दाखिला गर्नुपर्ने आवश्यक कागजातहरुः फर्मको दर्ता तथा नविकरण भएको प्रमाणपत्र, प्रोप्राइटर वा संचालक वा संस्थाको आधिकारीक व्यक्तिको नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं पान/ मूल्य अभिवृद्धि कर VAT को कारोबार गर्न दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणा पत्र ।

४. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ।

५. दरभाउपत्र स्वीकृत भए पछि पहिलो किस्ता रकम पचास प्रतिशत र बाँकी पचास प्रतिशत नगदै वा नेपाल राष्ट्रवैंकवाट मान्यता प्राप्त (क) श्रेणीको वैकवाट वैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ। तोकीएको समयमा सम्झौता नगरेमा दरभाउपत्र कर्ताको धरौटी रकम वा वैंक ग्यारेन्टी फिर्ता गरिनेछैन ।

६. नियमानुसार चाहिने सम्पूर्ण शुल्क, कर, दस्तुर, आयकर तथा मूल्य अभिविद्धि कर ठेकेदार आफैले गाउँपालिकामा वुझाउनु पर्ने छ । आफुले कवोल गरेको रकमबाट कटाउन पाउने छैन । शर्त सहित पेश गरेको, रित नपुगी वा म्याद नाघी आएको, न्यूनतम रकम भन्दा घटी कवोल गरेको, कालो सूचीमा परेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्री नगरेको दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन ।

७. ठेक्का सम्वन्धी कुनै विवाद भएका प्रचलित कानूनको परिधी भित्र रहि टेम्केमैयुङ गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । साथै कुनै ठेक्का पूर्ण वा आंसिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहेको छ । गाउँपालिकाले तोकेको दर रेट भन्दा बढीमा कर, दस्तुर तथा महशुल लिन पाइने छैन । प्रचलित कानूनले निषेध गरीएको, अदालतबाट कुनै निर्णय गरिएको अवस्थामा सोही निर्णयको पालना गर्नु पर्ने छ । सो निर्णय कानून अनुसार हुने छ ।

८. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। यस दरभाउपत्र सम्बन्धी सूचना यस कार्यालयको वेवसाइट www.tyamkemaiyummun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
टेम्केमैयुङगाउँपालिका, अन्नपूर्ण, भोजपुर